पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था:२०७३

# कार्यपालिका बैठक संख्या - १७८ औं बैठक

आज मिति २०८२।०५।१५ गते विहान ०८:०० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा. अध्यक्ष | [signature] |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | [signature] |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | [signature] |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | [signature] |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | [signature] |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | [signature] |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | [signature] |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं. ५ | [signature] |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | [signature] |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | [signature] |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | देवी गाहा |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री चन्द्रसिं वर्मेली | कार्यपालिका सदस्य | [signature] |

आमन्त्रित :

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १६. | सुमन भट्टराई | लेखा अधिकृत | [signature] |
| १७. | सूचना ग्यावाली | सू.प्र.अ. | [signature] |
| १८. | टेमन सिं झापुर्लुङ | का.स. | [signature] |

CamScanner

बैठकका एजेण्डाः

१) प्रमुख प्रशासकीय अधिकृत राजु नेपाल सरको स्वागत
२) अघिल्लो १७७औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयन समिक्षा,
३) भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको निवेदन संकलन सम्बन्धमा,
४) आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम सम्बन्धमा,
   क) सामुदायिक विद्यालयको IT कार्यक्रम सम्बन्धमा,
   ख) विद्यालय अनुगमन सम्बन्धमा,
   ग) इलाका प्रहरी कार्यालय भवन निर्माणका लागि जग्गा व्यवस्थापन सम्बन्धमा,
   घ) बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन सम्बन्धमा,
५) सुर्तीजन्य पदार्थ (नियमन तथा नियन्त्रण) अनुगमन समिति गठन सम्बन्धमा,
६) कर्मचारी व्यवस्थापन सम्बन्धमा,
७) गाउँ कार्यपालिकाको खाता संचालन सम्बन्धमा,
८) प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग सम्बन्धमा,
९) विविध
   क) बजार अनुगमन सम्बन्धमा,
   ख) ज्ञापन पत्र सम्बन्धमा,
   ग) राहत निवेदन सम्बन्धमा,
   घ) विपद व्यवस्थापन सम्बन्धमा,

निर्णयहरुः

१) यस गाउँपालिकामा सरुवा भई आउनुभएका प्रमुख प्रशासकीय अधिकृत राजु नेपाललाई गाउँ कार्यपालिकाको १७८ औं बैठकमा कार्यपालिका सदस्यबाट स्वागत गरियो र उक्त स्वागत प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो।

२) अघिल्लो १७७ औं कार्यपालिका बैठकमा भएका निर्णयहरु अधिकांश कार्यान्वयन भएको तथा केही कार्यान्वयनका चरणमा गएको पाइयो ।

३) नेपाल सरकार, भूमि समस्या समाधान आयोग ताहाचल काठमाडौंबाट मिति २०८२/०४/३० मा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुले अन्तिम पटक निवेदन दिने सम्बन्धि ३५ दिने सूचना प्रकाशित गरेकोमा गाउँपालिका भित्रका सबै वडा कार्यालयहरुले सूचनामा माग भए बमोजिमका विवरण तथा कागजातहरु सहित त्यस्ता निवेदनहरु भएमा खोजविन तथा तयार गरी भाद्र २५ गते भित्र अनिवार्य गाउँपालिकामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

४) क) संघीय विशेष अनुदान वापत आधारभुत तथा माध्यमिक तहका शिर्षक अन्तर्गत गाउँपालिकालाई प्राप्त ICT कक्षा कोठा व्यवस्थापन कार्यक्रम अन्तर्गतको कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न गाउँपालिकाका शिक्षा संयोजकलाई प्रस्ताब तयार गर्न जिम्मा दिने सर्वसम्मतिले निर्णय गरियो ।

ख) गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार एवं अभिवृद्धि गर्नका लागि नियमित रुपमा विद्यालय अनुगमन गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो ।

लुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.२०७३

ग) इलाका प्रहरी कार्यालय भवन निर्माणका लागि जग्गा व्यवस्थापन गर्नको लागि जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी अगाडी बढ्ने सर्वसम्मतिले निर्णय गरियो।

घ)बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन कार्यक्रम कार्यन्वयन प्रक्रिया अगाडी बढाउने सर्वसम्मतिले निर्णय गरियो ।

५) गाउँसभाद्वारा स्वीकृत पूर्वखोला गाउँपालिकाको सूर्तीजन्य पदार्थ (नियमन तथा नियन्त्रण) ऐन,२०८१को दफा १४ लाई संसोधन गरि तपसिल बमोजिमको अनुगमन समिति रहने भन्ने व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो साथै उक्त संसोधन अनुमोदनका लागि आउदो सभामा पेश गर्ने समेत निर्णय गरियो।

तपसिलः

क) प्रमुख प्रशासकीय अधिकृतः संयोजक
ख) संयोजक, सामाजिक विकास समितीः सदस्य
ग) सम्पर्क व्यक्ति(सूर्तिजन्य पदार्थ नियमन तथा नियन्त्रण), जिल्ला स्वास्थ्य कार्यालय पाल्पाः सदस्य
घ) कार्यालय प्रमुख , ईलाका प्रहरी कार्यालयः सदस्य
ङ) स्वास्थ्य शाखा प्रमुखः सदस्य सचिव

६) I) गाउँपालिकाको सेवा प्रवाहलाई नियमित गर्न एवं प्रभावकारी बनाउन तत्काल तपसिलमा उल्लेखित कर्मचारीहरुलाई यस कार्यालय मातहतका वडा कार्यालयहरु तथा स्वास्थ्य चौकीमा साविककै पद तथा सेवामा रहने गरि कर्मचारी खटनपटन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | नाम | पद | सेवा,समूह | साविकको कार्यालय | खटनपटन हुने कार्यालय |
|---|---|---|---|---|---|
| १ | गोमा पाण्डेय | सहायक प्रशासकीय अधिकृत | प्रशासन | ३ नं वडा कार्यालय, रिङ्नेरह | गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखा |
| २ | राधिका खनाल पाण्डेय | महिला विकास निरिक्षक | विविध | गाउँ कार्यपालिकाको कार्यालय | ३ नं वडा कार्यालय, रिङ्नेरह (वडा सचिव) |
| ३ | मिलन आले | सब-इन्जिनियर | सिभिल | १ नं वडा कार्यालय,सिलुवा | ५ नं वडा कार्यालय, वीरकोट |
| ४ | रुपेश न्यौपाने | अ.सब-इन्जिनियर | सिभिल | ५ नं वडा कार्यालय, वीरकोट | १ नं वडा कार्यालय, सिलुवा |

नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | लेख कुमार सारु | प्रशासन सहायक | प्रशासन | ६ नं वडा कार्यालय हेक्लांग | २ नं वडा कार्यालय जल्पा |
| ६ | सविना न्यौपाने | अ.न.मि. २४ घन्टे | स्वास्थ्य | स्वास्थ्य चौकी रिङ्नेरह | स्वास्थ्य चौकी विरकोट |

ii) गाउँपालिकाको आन्तरिक दरबन्दी अन्तर्गत तामाखानी सामुदायिक स्वास्थ्य इकाईमा रिक्त रहेको अ.न.मी. चौथों तह प.हे.न. तथा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गतको उद्यमी सृजना गर्ने कार्यक्रम संचालनका लागि आवश्यक उद्यम विकास सहजकर्ता (चौथों तह) एक र स्वास्थ्य तर्फको म स्वस्थ मेरो समुदाय स्वस्थ घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गर्न जनस्वास्थ्य अधिकृत (सातौं तह) करारमा पदपूर्ति गर्ने निर्णय गरियो। साथै लोक सेवा आयोगबाट तत्काल माग गरेका कर्मचारी खटिई आउने अवस्था नरहेको तर वडा न. २ को कार्यालय जल्पामा प्राविधिक कर्मचारी नरहेको हुनाले स्थायी पदपूर्ति हुनासाथ उक्त कर्मचारी स्वतः नरहने गरि वडा अन्तर्गतका योजना कार्यक्रमलाई कार्यान्वयन गर्न तत्काललाई एक जना प्राविधिक (सहायक चौथों) करारमा पदपूर्ति गर्ने सर्वसम्मतिले निर्णय गरियो । साथै योजना कार्यक्रम संचालन भए पश्चात कार्यक्रम योजनाको चापलाई मध्यनजर गरि प्रभावकारी सुपरिवेक्षण एवं निरीक्षण गर्नका लागि एक जना सहायक स्तरको प्राविधिक कर्मचारी ज्यालादारीमा राखी कामकाजमा लगाउन सकिने समेत सर्वसम्मतिले निर्णय गरियो।

७) पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको खाता संचालन गर्नको लागि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजु नेपाल र आर्थिक प्रशासन शाखा प्रमुख सुमन भट्टराईलाई कोष तथा लेखा नियन्त्रक कार्यालय पाल्पामा पठाउने सर्वसम्मतिले निर्णय गरियो ।

८) प्रदेश लोक सेवा आयोगमा तपशिल बमोजिमका कर्मचारीहरु माग गर्न माग आकृति फारम भरि प्रदेश लोक सेवा आयोगमा पठाउने सर्वसम्मतिले निर्णय गरियो ।

माग गर्ने कार्यालयको नाम र ठेगाना :- पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय , पाल्पा ।

| १ | २ | ३ | ४ | ५ | ७ | | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पदको नाम | | सेवा, समूह, उपसमूह | स्थायी / अस्थायी | संक्षिप्त कार्य विवरण र उम्मेद्वारले शुरुमा काम गर्नुपर्ने जिल्ला | रिक्त | कुल माग पद संख्या | कैफियत |

जुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था:२०७३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | अधिकृत | ७औं | प्रशासन/सामान्य प्रशासन | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | १ जना | १ जना | काज सरुवा भई छत्रकोट गाउँपालिका गुल्मीमा गएको |
| २ | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन/लेखा | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | १ जना | १ जना | काज सरुवा भई तानसेन नगरपालिका पाल्पामा गएको |
| ३ | सहायकस्तर | ५ औं | सामान्य प्रशासन सेवा | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | २ जना | २ जना | |
| ४ | सहायकस्तर | चौथो | सामान्य प्रशासन सेवा | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | २जना | २ जना | |
| ५ | सव-इन्जिनियर | ५ औं | सिभिल ईन्जिनियर | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | १जना | १ जना | |
| ६ | अ.सव.इन्जिनियर | चौथो | सिभिल ईन्जिनियर | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | १ जना | १जना | |
| ७ | खा.पा.स.टे | ४/५ औं | इन्जिनियर/सिभिल | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | १ जना | १ जना | |
| ८ | कविराज | पाँचौं | आयुर्वेद | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | १ जना | १ जना | |
| ९ | बैद्य | चौथो | आयुर्वेद | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | १ जना | १ जना | |

९) विविधः

क) गाउँपालिका भित्रका स्थानीय बजारमा हुन सक्ने कालोबजारी तथा अखाद्य पदार्थको बिक्री वितरणलाई निरुत्साहित गर्नका लागि नियमित रुपमा बजार अनुगमन गर्ने र पहिलो चरणको चाडपर्व लक्षित बजार अनुगमन जिल्ला प्रशासन कार्यालय तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रतिनिधिहरु समेतको उपस्थितीमा असोज पहिलो हप्ताभित्र गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पूर्वखोला, पाल्पा लुम्बिनी प्रदेश, नेपाल

ख) बाल कक्षा सहजकर्ता/शिक्षक महासंघका प्रतिनिधिबाटबाट क्रमशः मिति २०८२/०४/३० गते र २०८२/०५/१३ गते प्राप्त ज्ञापन पत्रमा उल्लेखित जायज मागहरुप्रति समर्थन जनाउदै जायज मागहरु पूरा गर्न संघीय एवं प्रादेशिक सरकार तथा इकाइहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

ग) गाउँपालिकाको कार्यालयमा गाउँपालिकाका विभिन्न क्षेत्रमा घटेका प्राकृतिक विपतजन्य घटनाका कारण पिडित भएका नागरिकहरूबाट क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धी प्राप्त निवेदन उपर छलफल गर्दा वडा कार्यालयहरुबाट सिफारिश भई आएका तथा प्रक्रिया पुगेका तपसिलमा उल्लेखित पिडित परिवारलाई तपसिल बमोजिमको राहत रकम उपलब्ध गराउने निर्णय सर्वसहमतिले गरियो ।

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम थर | ठेगाना | घटनाको विवरण | अनुमानित क्षति | क्षतिपूर्ति वापत निर्णय भयको रकम |
|---|---|---|---|---|---|
| १ | रुपधर दर्लामी | पूर्वखोला - ४ देवीनगर | आगलागीबाट गोठ पूर्ण रुपमा नष्ट भएको र एक गाई र एक गोरुको मृत्यु भएको | रु.१,५५,०००/- | रु.१६,०००/- |
| २ | हिरा राना | पूर्वखोला- २ जल्पा राक्से | आगलागीबाट भैसी गोठ, गोठ, बाख्रा र बंगुरको खोर पूर्ण रुपमा नष्ट भएको र एक भैसीको पाडी मृत्यु भएको | रु. १,५०,०००/- | रु. १४,०००/- |
| ३ | ऐक बहादुर वि.क. | पूर्वखोला - ५ विरकोट खल्लुक भन्ज्याङ | पालिका पहुँच मार्ग (खल्लुक भन्ज्याङ विर्ता मोटरबाटो) पिच गर्ने क्रममा रोलरको थर्काईले घर चर्केको | रु. ५०,०००/- | रु. ४,०००/- |

जुन बहादुर थापा
अध्यक्ष

CamScanner